## बैठक संख्याः

आज मिति २०८१ साल आषाढ ५ गते बुधबारका दिन मन्थली नगरपालिकाको **नगर सभाको १५ औं नगर अधिवेशन** (बजेट अधिवेशन) **नगर प्रमुख श्री लव श्रेष्ठ**ज्यूको अध्यक्षतामा देहाय बमोजिम नगरसभा सदस्यज्यूहरुको उपस्थितिमा नगरपालिकाको सभा हलमा संचालन गरियो ।

### उपस्थिति

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | **श्री लव श्रेष्ठ** | नगर प्रमुख | |
| २. | श्री इश्वरी बस्नेत | उप प्रमुख | |
| ३. | **श्री होम प्रसाद पौडेल** | वडा अध्यक्ष/ वडा नं १ | |
| ४. | श्री तिजा कुमारी भुजेल | वडा सदस्य | |
| ५. | श्री सिता सार्की | ,, ,, | |
| ६. | श्री राम कुमार माझी | ,, ,, | |
| ७. | श्री चन्द्र बहादुर माझी | ,, ,, | |
| ८. | **श्री सुरेन्द्र बहादुर कार्की** | वडा अध्यक्ष/ वडा नं २ | |
| ९. | श्री मुना सार्की | कार्यपालिका/वडा सदस्य | |
| १०. | श्री चेत कुमारी श्रेष्ठ | वडा सदस्य | |
| ११. | श्री बालकाजी श्रेष्ठ | ,, ,, | |
| १२. | श्री चित्र शंकर अधिकारी | ,, ,, | |
| १३. | **श्री कृष्ण गोपाल थापा** | वडा अध्यक्ष/ वडा नं ३ | |
| १४. | श्री उर्मिला बुढाथोकी | कार्यपालिका/वडा सदस्य | |
| १५. | श्री गिता नेपाली | वडा सदस्य | |
| १६. | श्री रमेश बहादुर बरुवाल | ,, ,, | |
| १७. | श्री प्रदिप भट्टराई | ,, ,, | |
| १८. | **श्री राजन घिमिरे** | वडा अध्यक्ष/ वडा नं ४ | |
| १९. | श्री अम्बिका काफ्ले | वडा सदस्य | |
| २०. | श्री पदम माया दमाई | ,, ,, | |
| २१. | श्री हेम बहादुर रानामगर | ,, ,, | |
| २२. | श्री अनन्त पुलामी मगर | ,, ,, | |
| २३. | **श्री रविन कार्की** | वडा अध्यक्ष/ वडा नं ५ | |
| २४. | श्री राधा कार्की | कार्यपालिका/वडा सदस्य | |
| २५. | श्री तारा कुमारी बसेल | ,, ,, | |
| २६. | श्री रामकुमार सार्की | ,, ,, | |
| २७. | श्री शम्भु कुमार बसेल | ,, ,, | |
| २८. | **श्री अशोक कुमार तामाङ** | वडा अध्यक्ष/ वडा नं ६ | |
| २९. | श्री नानी मैया सार्की | वडा सदस्य | |
| ३०. | श्री मनोज कुमार थापा | ,, ,, | |
| ३१. | श्री बृहस्पती माझी | ,, ,, | |
| ३२. | **श्री भुवनहरी प्रसाई** | वडा अध्यक्ष/ वडा नं ७ | |
| ३३. | श्री आसा माया तामाङ | वडा सदस्य | |

CamScanner

## पन्ध्रौ नगरसभाका निर्णयहरु

### निर्णय नं. १

सभामा पेश भएको पन्ध्रौ नगरसभाको कार्यसुची पारित गर्ने ।

### निर्णय नं. २

नगर प्रमुखद्वारा सभामा पेश भएको मन्थली नगरपालिकाको आ.व. २०८१/८२ को नीति तथा कार्यक्रम परिमार्जन सहित पारित गर्ने ।

### निर्णय नं. ३

उप प्रमुख श्री ईश्वरी बस्नेतद्वारा सभामा पेश भएको आ.व. २०८१/८२ को प्रस्तावित आम्दानी र खर्चको वजेट पारित गर्ने ।

### निर्णय नं. ४

मन्थली नगरपालिकाबाट चालु आ.व. २०८०/८१ मा विनियोजित वजेटबाट सञ्चालित योजनाको हालसम्म भएका भुक्तानी र फरफारक अनुमोदन गर्ने ।

### निर्णय नं. ५

मन्थली नगरपालिकाको न्यायिक समितिका संयोजकबाट सभामा पेश भएको न्यायिक समितिको प्रतिवेदन पारित गर्ने ।

### निर्णय नं. ६

मन्थली नगरपालिकामा सुचिकृत हुनका लागि पेश भएका मेलमिलापकर्ताहरुको सुची अनुमोदन गरी सुचिकृत गराउने ।

### निर्णय नं ७

सभामा पेश भएका देहाय बमोजिमका विधेयक परिमार्जन सहित पारित गर्ने ।

(क) आर्थिक विधेयक २०८१

(ख) विनियोजन विधेयक २०८१ (विनियोजनका शीर्षकहरु अनुसुचीमा र वार्षिक योजना पुस्तिकामा उल्लेखित छन ।)

निर्णय नं ८

मन्थली नगरपालिका नगर कार्यपालिकाको बैठकबाट चालु आ.व. २०८०/८१ मा भएका निर्णयहरु अनुमोदन गर्ने ।

निर्णय नं. ९

मन्थली नगरपालिका र नगरपालिका अन्तर्गत रहेका वडा कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा कार्यरत कर्मचारीहरुको तलवी प्रतिवेदन पारित गर्ने ।

निर्णय नं. १०

जिल्ला दररेट निर्धारण समितिले आ.व. २०८१/८२ का लागि निर्धारण गरेको दररेटलाई नै मन्थली नगरपालिकाको पनि आ.व. २०८१/८२ मा दररेट प्रस्तावित दररेट मानी कार्यान्वयनमा लैजाने ।

निर्णय नं. ११

मन्थली नगरपालिका माझी जातिको बाहुल्यताको नगरपालिका भएको, मन्थली लगायत साविकका चिसापानी, भटौली, भलुवाजोर, पकरवास लगायतका गाविसहरुमा आदिमकालदेखि नै माझी जातिको बसोबास रहेको,

माझी जातिको छुट्टै राजा हुने चलन अनुसार यस क्षेत्रमा एक जना मन नामका राजा रहेको, माझी भाषामा राजा वस्ने थलोलाई मनथलो भनिएको, पछि सो शव्द अप्रभ्रश भई मन्थली भएको मान्यता रहदै आएको,

यस क्षेत्रका माझीहरुले आफ्नो छुट्टै धर्म संस्कृति मनाउदै आएकोमा उनीहरुको मुख्य चाँड लदी पुजा भएकोले माझी जातिहरुको लदी पुजा मनाउने मुख्य दिन एक दिन मन्थली नगरपालिकाको क्षेत्रमा सार्वजनिक विदा दिने सभमा पेश भएको विशेष प्रस्ताव पारित गर्ने ।

निर्णय नं. १२

महालेखा परीक्षकको कार्यालयबाट प्राप्त आ.व. २०७९/८० को लेखा परीक्षण प्रतिवेदनमा औंल्याईएका विषयहरुको कार्यान्वयन गर्ने ।

निर्णय नं. १३

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्राप्त सुझाव कार्यान्वयनमा सबै पक्ष जिम्मेवार रहने ।

निर्णय नं. १४

वर्षात तथा अन्य कारणले उत्पन्न विपदको व्यवस्थापन एवं पुनर्निर्माणको कार्यमा नगरपालिकाको स्वामित्वमा रहेको ब्याक हो लोडरको प्रयोग गर्ने अधिकार नगर प्रमुखमा प्रत्यायोजन गर्ने ।

२०७९।०४।१०